संयुक्त राष्ट्र संघ सिसिपिआर/सि/१२२/डि/२७५६/२०१६

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी वितरण: साधारण

अन्तर्राष्ट्रिय अनुबन्ध मे १०, २०१९ (२०७६-०१-२७)

मुल प्रति: अङ्ग्रेजी

मानव अधिकार समिति

**समितिद्वारा ऐच्छिक आलेखको धारा ५ (४)बमोजिम ग्रहण गरेको निर्णय उजुरी नं: २७५६ /२०१६*,****

| | |
|---|---|
| पेश गर्ने : | लाक्पा तामाङ्ग (ट्रायल इन्टरनेशनलद्वारा प्रतिनिधित्व गरिएको) |
| पिडित भनि दावी गरिएको : | उजुरीकर्ता |
| पक्ष राष्ट्र: | नेपाल |
| उजुरी मिती : | १० मार्च २०१६ (२०७२-११-२७) |
| दस्तावेज सन्दर्भहरू: | विशेष प्रतिवेदकको नियम ९७ को निर्णय (Special Rapporteur's rule 97 decision), २६ अप्रिल २०१६ (२०७३-०१-०४) मा सदस्य राष्ट्रलाई प्रदान गरिएको (दस्ताबेजको रुपमा जारी नगरिएको) |
| ग्राह्यता सम्बन्धि निर्णय: | २१ मार्च २०१८ (२०७४-१२-०७) |
| विषयवस्तु: | नेपाल प्रहरीद्वारा बालक माथी यातना |
| प्रक्रियात्मक सवालहरु: | घरेलु उपचारको उपभोग |
| सारभूत सवालहरु: | यातना निषेधित, बलबालिकाको सुरक्षा, प्रभावकारी उपचार |
| अनुबन्धको धाराहरु: | २(२) र (३), ७२(२), २(३), ७, र २४(१) |
| ऐच्छिक आलेखको धाराहरु: | ५(२)(ख) |

*समितिद्वारा १२२ औँ सत्रमा ग्रहण गरिएको (१२ मार्च-६ अप्रिल २०१८) ।
** प्रस्तुत उजुरीको जाँचबुझ प्रक्रियामा समितिका देहायबमोजिमका सदस्यहरूको सहभागिता रहेको थियो ; तानिया मारिया आब्डो रोकोल , याध बेन अचोर्, इल्ज ब्रायन्ड्स केहृस ,सारा क्लेभ्ल्यान्ड , ओलिविएर दे फ्रोउभिल, कृस्टोफ हेन्स, इभनअ जेलिक, बामारिअ्म कोइत, मर्सिअ भि. जे. क्रन,

डन्कन लकी मुहुमुजा, फोटिनी पजारजिस्, मौरो पोलिटि, जोस् मानुएल सन्तोस पाइस्, युवल शानी र मार्गो वाटरवल ।

१. उजुरीको उजुरीकर्ता लाक्पा तामाङ्ग, नेपालका नागरिक १९९९ मा, जन्मेका हुन । उनी आफू अनुबन्धको धारा ७ र त्यसका साथै धारा २(२), २(३) र २४(१) को उल्लंघन भई आफू पिडित भएको दावी गर्छन ।जेनेभा स्विजर्ल्याण्डमा आधारित गैर सरकारी संस्था ट्रायल इन्टरनेशनलद्वारा उजुरीकर्ताको प्रतिनिधित्व गरिएको छ । ऐच्छिक आलेखको, पक्ष राष्ट्रमा १४ अगस्त १९९१ (२०४८-०४-२९ ) बाट लागु भएको हो ।

**उजुरीकर्ताबाट प्रस्तुत तथ्य**

२.१ उजुरीकर्ता तामाङ्ग[1] आदिवासी समुदायका हुन र उनि आफ्ना अभिभावक र चार दिदिबहिनीका साथ पहाडी जिल्ला काभ्रेपलान्चोकमा बस्छन ।

२.२ सेप्टेम्बर २०१० मा एकजना छिमेकीले उजुरीकर्ताको गाउँमा आफ्नो छोरीको हराएको सुनको झुम्का चोरीको बारेमा छलफल गर्न समुदायको बैठक राखेका थिए । लगातारको ३ बैठक पश्चात, झुम्का भेटिएन र ति छिमेकी आदिवासी चलन अनुरुप ज्योतिषीसँग परामर्श लिन काठमाडौं गएका थिए । ज्योतषिले "झुम्का छिमेक कै केहि केटाकेटीले चोरेको" भनि निष्कर्ष निकाली पुलिसमा उजुरी समेत गर्न छिमेकीलाई प्रोत्साहित गरेका थिए । १४ नोभेम्बर २०१० (२०६७-०७-२८) का दिन ति छिमेकीले स्थानीय प्रहरी कार्यालयमा उजुरी दर्ता गरे । उजुरीमा तोकेर आरोपित अपराधी कसैलाई नभनिएको भए पनि ज्योतिषको आरोप अनुसार "छिमेकका केहि केटाकेटी " संभावित दोषी थिए ।

२.३ १५ नोभेम्बर २०१० (२०६७-०७-२९) मा दुइ स्थानीय प्रहरी अधिकारीहरु गाउँ गएर उजुरीकर्ता सहित चार पाँच जना बालबालिकाहरु सँग कुरा गरेका थिए । प्रहरीहरुले हराएको झुम्काको बारेमा सोधपुछ गर्दा केटाकेटीहरुले आफुलाई केहि थाहा नभएको बताएका थिए । पछी सोहि दिन २ जना प्रहरी अधिकारीहरु उजुरीकर्ताको घर गई उनको अभिभावकलाई भोली पल्ट उजुरीकर्ता र उजुरीकर्ताको बहिनीलाई लिएर अनुसन्धानको लागी प्रहरी चौकी ल्याउन अर्हाएका थिए ।

२.४ १६ नोभेम्बर २०१० (२०६७-०७-३०) मा उजुरीकर्ता, उजुरीकर्ताका अभिभावक र उनकी दिदी प्रहरी चौकी गएका थिए । चौकी पुगेपछी तिनै दुई अधिकारीहरुले उजुरीकर्ताका अभिभावकहरुलाई बाहिर बस्न लगाई उजुरीकर्ताकी दिदीलाई भित्र लगी प्रश्न गर्न थालेका थिए । सुनको झुम्का चोरीको आरोपमा १०-१५ मिनेटको सोधपुछमा उनले आफुलाई केहि थाहा नभएको बताएकी थिइन । त्यसपछी उनलाई प्रहरी चौकीबाट छोडिएको थियो । त्यस लगत्तै उजुरीकर्तालाई सोधपुछको लागी चौकी भित्र लागिएको थियो । उनलाई झ्याल नभएको एउटा सानो कोठामा लगि दुई अधिकारीहरुद्वारा प्रश्न सोधी एक घण्टा सम्म यातना दिइएको थियो । उनलाई पहिले झुम्का चोरीको बारेमा प्रश्न गरिएको थियो र उनले आफूले केहि नचोरेको भनेपछी उनलाई अनुहारमा तीन पटक झापड हानिएको थियो । त्यसपछी उनलाई निहुरिन लगाएर पछाडी र अन्य भागमा प्लास्टिकको पाइपले आफुले झुम्का

---

[1] उजुरीकर्तालेे तामाङ्ग, नेपालको पहाडी क्षेत्रको आदिवासी बासिन्दा रहेको जनाएका छन । हिन्दू जाती व्यवस्थामा , उनीहरुलाई तल्लो जातको मानिन्छ र ईतिहास देखी नै भेदभाव हुँदै र सिमान्तकृत भएर बस्नु परेको २० जुलाई २००९को नेपालको बिशेष र्यापोर्टिअरको नेपालामा मानव अधिकारको अवस्था र आदिवासिहरुको मौलिक स्वतन्त्रताक सम्बन्धी प्रतिवेदनले जनाएको छ ।

चोरेको स्विकार्न भन्दै हिर्काइएको थियो । त्यसपछी उनलाई भुईंमा सुत्न बाध्य पारी खुट्टाको पैतालामा प्लास्टिकको पाइपले २५ पटक भन्दा बढी हिर्काइ अत्यधिक दुखाइएको थियो । चोरी नस्विकारे ज्यान मार्ने धम्की समेत दिदै उनले कानमा बिजुलीले झटका समेत पाएका थिए जसका कारण उनले केहि समय होश गुमाएका थिए । ज्यान जाने डरले, उजुरीकर्ताले साबिति गर्न सहमत भए। । प्रहरी अधिकारीले त्यसपछी यातना दिन बन्द गरी साबितिको कागज बनाई उजुरीकर्तालाई जबरजस्ती सही गर्न लगाएका थिए । त्यसपछी उनलाई सो यातनाको बारेमा कसैलाई भने मार्ने धम्की समेत दिइएको थियो ।

२.५ प्रहरी अधिकारीहरूले उजुरीकर्तासंगै सोधपुछ कक्ष छोडी, उनको बुवालाई उजुरीकर्ताले झुम्का चोरेको स्विकार गरेको जनाई, बुवालाई १९,००० रुपैँया (लगभग १८० अमेरिकी डलर) छिमेकीलाई तिर्छु भनी मेलमिलापको कागजमा सही गर्न लगाएका थिए,सोही बमोजिम उनले गरे । फर्किंदा गाडीमा उजुरीकर्ताका अभिभावकले उनको जिउमा डाम देखेपछी उनलाई यातना दिइएको बारे थाहा पाए ।

२.६ १७ नोभेम्बर २०१० (२०६७-०८-०१), उजुरीकर्ताका बाबुले स्थानीय राजनैतिक नेता र मानव अधिकारकर्मीहरूसँग सम्पर्क गरे, उनीहरुले उजुरीकर्ताको डामहरुका फोटो खिचे र सो घटना पत्रिकामा सम्प्रेशण गरे । उजुरीकर्ताले गैर सरकारी संस्था; यातना पिडित केन्द्र; Centre for Victims of Torture (CVICT) बाट चिकित्सा र मनोवैज्ञानिक सहयोग पनि प्राप्त गरे ।

२.७ १९ नोभेम्बर २०१० (२०६७-०८-०३) मा उजुरीकर्ताका बाबुले शारीरिक जाँचका लागी उजुरीकर्तालाई अस्पताल लगे । फरेन्सिक रेपोर्टले उजुरीकर्ताको शरिरमा भेटिएको चोटहरू "पूर्ण रुपमा घटेको घटनासँग मिल्दो छ" साथै " फलंगाको प्रमाण जुन सामान्यतय यातना दिना प्रयोग गरिने विधि हो" भनी जनाएको थियो[2] ।

२.८ ६ जनवरी २०११ (२०६७-०९-२२ ) मा उजुरीकर्ताका बाबुले काभ्रेपलान्चोक जिल्ला अदालतमा दुई प्रहरी अधिकारीहरू विरुद्ध अभियोजन र सजायको माग गर्दै भएको क्षतिका लागी क्षतिपुर्ती समेत माग गर्दै मुद्दा दर्ता गरेका थिए । २७ फेब्रुअरी २०११ (२०६७-११-१५)को जिल्ला अदालतको फैसलाले २ विपक्षीलाई बालबालिकासम्बन्धी ऐनको[3] (यातना र दुर्व्यवहार निषेध) दफा ७ को उल्लङ्घन गरी यातना दिने कार्यमा आपराधिक जिम्मेवार ठहराएको र सजाय स्वरुप जरिवाना जनही २,००० रुपैँया (लगभग १९ अमेरिकी डलर) तोकेको थियो ।

२.९ २९ नोभेम्बर २०१२ (२०६९-०८-१४) मा उजुरीकर्ताकी आमाले तोकिएको जरिवाना अपराधको गम्भिरताको अनुपातमा नरहेको र साथै दोषीलाई कैद सजायको माग गर्दै, जिल्ला अदालतको फैसला उपर पुनरावेदन गरेकी थिइन । १९ अप्रिल २०१५ (२०७२-०१-०६) को फैसला अनुसार पुनरावेदन अदालत पाटनले विपक्षीहरूलाई जरिवाना स्वरुप रु ५,००० (लगभग ४८ अमेरिकी डलर) तिर्ने र साथै थप रु ५,००० उजुरीकर्तालाई क्षतिपूर्ती रकम समेत बुझाउन लगाएको थियो ।

२.१० २२ जनवरी २०१६ (२०७२-१०-०८) मा उजुरीकर्ताका बाबुले अपराधीहरुलाई दिइएको सजाय अपराधको गम्भिरताको अनुपातमा नभएको र उजुरीकर्ताको परिपूरण भरी पाउने अधिकार पूर्ती नभएको र साथै एक बर्ष सम्मको भए पनि कैद सजाय हुनु पर्ने र पिडितका लागी उचित क्षतीपूर्ती समेत माग गर्दै सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरेका थिए । ५ फेब्रुअरी २०१६ (२०७२-१०-२२)मा सर्वोच्च अदालतले पुनरावेदानको सजायमा समीक्षा गर्ने कुनै पनि कानुनी प्रावधन नरहेको हुँदा पुनरावेदन खारेज गरेको थियो । [4]

---

[2] त्रिभुवन शिक्षण अस्पतालको रिपोर्ट अनुसार उजुरीकर्ताको बाँया खुट्टा खोल्चिएको र उठ्दा र बस्दा असहज भएको, उनको बाँया गाला सुन्निेको र पछडी माथिल्लो भागमा कमसेकम ६ ठक्कर बाट भएको थुप्रै घस्रण्का साथै चोट र गहिरो काटेको ।

[3]

[4] सर्वोच्च अदालतले न्याय प्रशासन ऐन २०४८को दफा १२(१) बमोजिमको मुद्दा दोहोराइ हेर्ने पुनरावेदन अदालतको फैसला वा अन्तिम आदेशमा "गम्भिर कानूनी त्रूटी भएको","सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजिरको पालन नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको" वा बालकको उचित प्रतिनिधित्व नसकेको, कुनै आधार नरहेकोजनाएको ।

२.११ उजुरीकर्ताले आफूले भोग्नु परेको यातनाका कारण उनको शारीरिक तथा मानषिक स्वास्थ; ढाड दुख्ने तथा खुट्टाको पैताला हप्ता दिन सम्म दुख्ने, जिउ चिलाउने तथा सुन्न हुने, दाँया कानको पछाडी अत्याधिक दुख्ने र राती डरलाग्दो सपना आउने जस्ता दिर्घकालीन असर पर्न गएको बताएका छन् । उनले ३ महिनाको अवधिसम्म स्कुल नगई घरमा नै बस्नु पर्ने भएको हुँदा स्कुल जान समेत पाएका थिएनन् । उनी फर्किएपछी विद्यालयमा ध्यान दिन नसकेका कारण उनको शैक्षिक स्तर र अंक समेतमा असर परेको थियो । जनवरी २०१६ मा उनलाई पोस्ट ट्र्म्याटिक डिसओर्डर सिन्ड्रोम (post-traumatic stress disorder) देखापरेको थियो ।[5]

२.१२ नेपालको प्रहरी हिरासतमा हुने यातनाको क्रमबद्ध अभ्यास र खासगरी नाबालक[6] संलग्न हुने मुद्दाहरूको परिपाटीमा प्रस्तुत मुद्दालाई हेरिनुपर्छ भनी उजुरीकर्ताले टिपोट गराएका छन् [7] । यो अवस्थालाई यातना सम्बन्धी त्रुटिपूर्ण राष्ट्रिय कानुनले थप सहयोग गरेको छ :यातनालाई छुट्टै अपराधका रुपमा नेपालको फौजदारी कानुनले स्थापित नगरेको र यातना सम्बन्धी क्षतिपूर्ती ऐन(१९९६) को परिभाषा यातना तथा अन्य क्रुर आमानविय अपमानजनक उपचार तथा सजाय महासन्धिको धारा १ बमोजिम रहेको छैन । यसका साथै यातना सम्बन्धी क्षतिपूर्ती ऐनले अपराधीहरूविरुद्ध फौजदारी सजाय नभै अनुशासनात्मक करावाधी मात्र गर्ने गरेको र ३५ दिन हदम्याद समेत तोकिएको छ । [8] समितिले नेपाललाई यातना सम्बन्धी कानुन संशोधन गर्न भनिरहेको हुँदा समेत आजको मिती सम्म कार्यान्वयन भएको छैन ।

२.१३ उजुरीकर्ताले नाबालक विरुद्ध यातना सम्बन्धी कानुन झनै त्रुटिपूर्ण रहेको थप जानकारी दिए। यस सन्दर्भमा, वयस्क हुने उमेर १६ बर्ष तोकेको र अपराधिक दायित्वको उमेर न्युनतम १० बर्ष रहेको बालबालिका सम्बन्धी ऐन (१९९२)ले यातनाको परिभाषा नगरेको र अपराधको गम्भिरताको अनुपातमा क्षतिपूर्ती (जस्तै: रु. ५,०००/- सम्मको जरिवाना- लग्भाग ४८ अमेरिकी डलर - र/वा १ बर्ष सम्म कैद) छैन । उजुरीकर्ताले नाबालक विरुद्ध यातनाको

[5] त्रिभुवन विश्वविद्यालयको शिक्षण अस्पतालको मनोविज्ञान तथा मानषिक स्वास्थ बिभागको मनोविज्ञानको रिपोर्ट अनुसार उजुरिकर्तालाई उपयुक्त मनोवैज्ञानिक सहयोग मनोविज्ञान शिक्षा ब्यवहार चिकित्सा र परिवारको मध्यस्थता आवस्यक रहेको जनाएको।

[6] उजुरीकर्ताले लिएका उद्धरण;समितिको अनुबन्धको आधारमा नेपालको दोस्रो आवधिक रिपोर्टको समापन अवलोकन्, २६ मार्च २०१४, प्रकरण १०, जहाँ बताए अनुसार" प्रहरी हिरासतमा यातना र अ मानविय व्यवा हारको प्रयोग ब्यापक रुपमा रहेको आधिकारिक पुष्टी (...), पक्ष राष्ट्र यतानालाई व्याख्या र अपराधिकरण गर्ने कानुन अवलंबन गर्न बिफल हुनु,अनुसन्धानअको,अभियोजन्, सम्बन्धितलाई कारबाहि बारे निश्चित र बिस्तृत सुचनाको कमी हुनु,र कानुन प्रवर्तन गर्ने अधिकारिहरुको त्यस्ता मानव अधिकारको उल्लंघनमा संलग्नातामा रहेको दण्डहिनाता", उजुरिकर्ताले समितिको अनुबन्धको आधारमा नेपालको दोस्रो आवधिक रिपोर्टको समापन अवलोकन, २२ नोभेम्बर २००५को प्रकरण १३ पनि उद्दरण गरेका छन ।९ जानुअरी २००६ को यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय सम्बन्धी विशेष प्रतिवेदकको नेपाल मिशनमा प्रतिवेदन, , प्रकरण १७ देखी २६ सम्म; ३ मार्च २००९ मानवअधिकारको अवस्था र नेपालमा प्राविधिक सहयोगलगायत उनको कार्यालयका गतिविधिबारे संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको प्रतिवेदनको प्रकरण ४३ ।

[7] ४ मार्च २०११को यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय सम्बन्धी विशेष प्रतिवेदकको नेपाल मिशनमा अनुगमन प्रतिवेदन,को प्रकरण १८८का अनुसार उजुरी गरिएको अक्टोबर २००८ र जुन २००९ बिचको यातना र दुर्व्यवहारको घटनाले २५.५% थुनुवा बनाएको ।(समितिको नेपालको बालबालिकाको अधिकार सम्बन्धी समापन अवलोकनका साथै ३ जुन २०१६को तेस्रो र पाचौ आवधिक प्रतिवेदन को प्रकरण २८ पनि हेर्नुहोस्) ।

[8] समितिको प्रतिज्ञापत्रको आधारमा नेपालको दोस्रो आवधिक रिपोर्टको समापन अवलोकन,२८ मार्च २०१४, प्रकरण १७ हेर्नुहोस ।

मुद्दामा दोषी ठहर  निकै कम हुने गरेको र उनीहरूको स्वतन्त्रताको उल्लंघन नहुने टिप्पणी गरेका छन् । यसले गर्दा बालबालिकाको स्वेच्छाचारी पक्राउ, सोधपुछ र अपराधिकरण प्रणालिको असफलताको उपज उनीहरुको उमेर तथा संबेदनशिलतामा ध्यान दिईंदैन । [9] यस परिस्थितिलाई थप रुपमा आदिवासी जनजाती लगायतका निश्चित  समुदाय र कथित तल्लो जातका बालबालिकाहरुमा अझै बढी भएको उजुरीकर्ता थप्छन् । [10]

## उजुरी

३.१ नेपाल प्रहरीद्वारा नोभेम्बर २०१० मा हराएको झुम्का चोरीको आरोपमा साबिती दिनका निम्ती यातना र अन्य क्रुर व्यवहारको शिकार हुनु परेको हुँदा अनुबन्धको धारा ७ का साथै धारा २४(१) को उल्लंघन भइ आफू पिडित हुनु परेको उजुरीकर्ताको दावी रहेको छ । उजुरीकर्ता सो समयमा नाबालक रहेको र उनको अवस्थाका कारण विशेष सुरक्षा प्राप्त गर्नु पर्नेमा पक्ष राष्ट्र चुकेको तथ्यले यस उल्लङ्घनलाई थप गम्भीर बनाएको छ ।

३.२ अपराधको गम्भिरताका आधारमा अभियुक्तलाई प्रभावकारी रुपमा अनुसन्धान, अभियोजन तथा सजाय निर्धारण गर्न राष्ट्रका अधिकारीहरू  असफल भएका कारण अनुबन्धको धारा ७ का साथै धारा २(३) र २४(१) को उल्लङ्घन भएको उजुरीकर्ताको दावी रहेको छ । पक्ष राष्ट्र उजुरीकर्तालाई पर्याप्त क्षतिपूर्ती समेत उपलब्ध गराउन र प्राप्त क्षतिको अभिन्न परिपूरण प्रदान गर्न समेत असफल भएको छ । पक्ष राष्ट्रले उजुरीकर्तालाई नाबालकको हकमा विशेष सुरक्षाका उपाय प्रदान गर्न नसकेको कारणले अझै यी उल्लङ्घनहरुलाई गम्भिर बनाएको छ ।

३.३ उजुरीकर्ताले नेपाली अधिकारीहरुले नाबालक विरुद्ध हुने याताना रोक्न उपयुक्त कानुनी प्रावधान प्रयोग गरी सो अपराधको प्रकृती बमोजिम गम्भिरताको अनुपातमा सम्बन्धितलाई सजाय दिलाई, उचित क्षतिपूर्तीको  व्यवस्था गराई, पुनरुत्थान, पुनर्स्थापना, सन्तुष्टि, भविष्यमा नदोरोहिने सुनिश्चितता जस्ता परिपूरणका उचित उपायहरू प्रदान नगरेका कारण अनुबन्धको धारा ७ का साथै धारा  २(२) २४(१) को उल्लङ्घन भएको आरोप लगाएका छन् । ३.४

उजुरीकर्ताले समितिलाई, पक्ष राष्ट्रलाई प्रभावकारी अनुसन्धान र अभियोजन र अपराधको गम्भिरताको अनुपातमा उचित सजायको व्यवस्था गरी उनलाई उचित क्षतिपुर्ती उपलब्धा गराइ, उनको मनोबैज्ञानिक पुनर्स्थापनका निम्ती  उचित उपचार र राजाधानी पुग्नका लागी बाटो खर्च उपलब्ध गराउन, उनको उच्च शिक्षाको लागी छत्रबृत्तिको सुबिधा प्रदान गर्न , प्रहरी निकायबाट सार्वजनिक माफी प्रकाशन गर्न लगाउन र तत्कालिन कानुनको संसोधन र स्वतन्त्रता हनन् भएका नबालकको उपचारमा संलग्न  सार्वजनिक अधिकारीहरुलाई उपयुक्त तालिम समेत प्रदान गर्न  आनुरोध गरेका छन् ।

## उजुरीको ग्राह्यता (admissibility) र प्रस्तुत तथ्य प्रमाणको (merits) का सम्बन्धमा पक्ष राष्ट्रको धारणा

४.१  ४.१ १३ अक्टोबर २०१६ (२०७३-०६-३०) मा पक्ष राष्ट्रले उजुरीकर्ताले पुनरावेदन गरिएको अदालतको ने. रु. एक लाख क्षतिपूर्ती प्रदान गर्ने फैसलाको कार्यान्वयन  गर्न अनुरोध नगरेका कारण घरेलु  प्रक्रियाको पूर्ण रुपले पालन नगरेका कारण उजुरीकर्ताको दावी अस्विकार्य हुने भनिएको छ। अपराधीहरूले सम्बन्धित न्यायिक निकायमा रकम जम्मा गरिसकेको र पक्ष राष्ट्रले  उजुरीकर्तालाई सम्बन्धित निकायमा रकम प्राप्त गर्न सम्पर्क गरेको हकमा क्षतिपूर्ती दिने टिप्पणी गरिएको छ।

४.२ पक्ष राष्ट्रको अनुसार उजुरीकर्तालाई सुनको झुम्का चोरी आरोप लागेका कारण उनको बाबुको साथ सोधपुछको लागी सरकारी मुद्दा सम्बन्धी ऐन (१९९२) को दफा १४ अनुसार बोलाईएको थियो, जस बमोजिम, कुनै व्यक्तिको अपराधमा संलग्नाता अनुमान गर्न सकिने आधार भएमा त्यस्तो व्यक्तिलाई पक्राउ गर्न सकिने व्यवस्था रहेको छ। उजुरीकर्तालाई करीब एक घण्टा प्रहरी चौकीमा सोधपुछ गरिएको र उनले प्रहरी र बाबुका अगाडी आफूले सुनको

---

[9] बालबालिकाको अधिकार समितिको जेनेरल कमेन्ट नं १०: बालबालिका संबन्धी न्यायमा बलबालिकाको हक प्रकरण ३२ को विपरित रहेको उजुरीकर्ताले जनाएका छन ।

[10] उजुरीकर्ता यातना सम्बन्धी विशेष प्रतिवेदकको अनुगमन प्रतिवेदन, अप सिट., प्रकरण १७० उद्धृत गर्छन ।

झुम्का चोरेर, खोलामा फालेको स्विकारेका र त्यस बापत उनका बाबुले रु १९,००० छिमेकीलाई तिर्न राजी भएका तर सो रकम कहिले नतिरेको भनी पक्ष राष्ट्रले थपेको छ ।

४.३ पक्ष राष्ट्रले तत्कालको मुद्दा सर्वोच्च अदालत समेतको सक्षम राष्ट्रिय अदालतहरूले समाधान गरिसकेको हुँदा यसलाई अन्तर्राष्ट्रिय सम्झौता संयन्त्र सामु प्रस्तुत गर्नु नपर्ने जनाएको छ । यी अदालतहरूले बालबालिका सम्बन्धी ऐन १९९२ को आधारमा क्षतिपूर्ती दिने निर्णय गरेका थिए ।पक्ष राष्ट्रले, सम्बन्धित २ प्रहरी अधिकारीमाथी प्रहरी अनुसन्धान समेतको गरेको थपेको छ । सो अनुसन्धान रिपोर्ट अनुसार "बालकलाई अत्याधिक बल प्रयोग गरी कुटिएको" निश्कर्ष निकालेको र प्रहरी नियमावली (१९९२) को नियम नं ८५ बमोजिम "विभागीय कारवाही" सिफारिस गरिएको थियो ।[11]

४.४ संविधानको धारा २२ ले यातना र क्रुर अमनविय व्यवहार निषेध गरेको र पिडितको क्षतिपूर्ती पाउने हक स्थापित गरेको; धारा ३९ ले बालबालिकालाई यातनाबाट सुरक्षा प्रदान गरेको सहित पर्याप्त राष्ट्रिय कानुन भएको पक्ष राष्ट्रले जानकारी दिए। संविधानको प्रावधानहरू आत्मसाथ गर्न संयुक्त राष्ट्रसंघको यातना र अन्य प्रकृतिको क्रुर आमानविय र अपमानजनक कार्य र सजाय विरुद्धको अनुबन्धलाई कार्यान्वयन गर्न छुट्टै विधेयकको मस्यौदा नेपाल सरकारलाई बुझाइएको र संसदमा छलफल जारी रहेको छ । त्यसका साथै नेपाल सन्धि ऐन (१९९०) को दफा ९ ले स्थानिय कानुनलाई नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धिहरू अनुरुप व्याख्या गर्नु पर्ने स्थापित गरेको छ ।

४.५ अन्तमा, पक्ष राष्ट्रले नेपाली प्रहरी अधिकारीहरूलाई बारम्बार मानव अधिकारका विषयमा तालिम दिने, र बाल न्यायको हकमा मानव अधिकारको उल्लङ्घनको सन्दर्भ समावेश गर्ने चौथो मानव अधिकार कार्य योजना कार्यान्वयन गर्दै गरेको जनाएको छ।

**ग्राह्यता तथा तथ्यप्रमाणको सम्बन्धमा पक्ष राष्ट्रको धारणा उपर उजुरीकर्ताको टिप्पणी**

५.१ उजुरीकर्ताले आफ्नो ९ जनवरी २०१७ (२०७२-०९-२५) को उत्तर अनुसार पक्ष राष्ट्रले स्वीकारे बमोजिम आफूले देशको सर्वोच्च अदालतको फैसला सम्मको सम्पूर्ण घरेलु उपचार उपभोग गरेको जनाए। उजुरीकर्ताले २६ डिसेम्बर २०१६ (२०७३-०९-११) मा काभ्रे जिल्ला अदालत द्वारा उपलब्ध गराइएकोक्षतिपूर्ती पनि प्राप्त गरेको स्पष्ट पारेका छन् । यधपि, स्थानिय उपचार अप्रभावकारी भएको ,अपराधीहरुलाई पर्याप्त सजाय नभएको र उजुरीकर्तालाई उपलब्ध गरिएको आर्थिक क्षतिपूर्तीले आफूमाथि भएको हानीको लागि पर्याप्त परिपूरण नभएको प्रमाणित भएको छ । यो एक सकारात्मक विकास भए तापनि, यस क्षतिपूर्तीले पक्ष राष्ट्रलाई उजुरीकर्तालाई उपयुक्त उपचार र क्षतिका निम्ती अत्यावश्यक परिपूरण भराइदिने आफ्नो अन्तर्राष्ट्रिय दायित्व पुर्ती नगर्ने अवसर भने दिंदैन । उजुरीकर्ताले आफूले क्षतिपूर्ती रकम प्राप्त गर्न अदालत जानु पुर्व नै स्थानिय उपचार उपभोग गरेको जनाएका छन् । क्षतिपूर्ती प्राप्त गर्न ढिलाई गरेको सम्बन्धमा, उजुरीकर्ता आफूले कार्यलयामा बिदा मिलाउनु परेको र जिल्ला अदालतले विभिन्न प्राविधिक कारण देखाइ पटक पटक ढिलाई गरेको व्याख्या गरेका छन्। यसका साथै, उनी र उनका परिवारको प्राथमिकता अपराधीलाई अपराध बमोजिमको उपयुक्त सजाय दिलाउनु रहेको टिप्पणी गरेकाका छन्।

५.२ आर्थिक क्षतिपूर्तीले मात्र यातना पिडितलाई कदापी पर्याप्त परिपूरण नहुने र परिपूरणले पुनरुत्थान, पुनर्स्थापना, सन्तुष्टी र पूर्ण नदोहोरिने निश्चितता समावेश गर्नु पर्ने उजुरीकर्ता जोड दिन्छन्। प्रभावकारी उपचारको

[11] यस नियमका अनुसार " यदी कुनै प्रहरी कर्मचारीले आफ्नो कार्यमा लापर्बाही गरेको हकमा चेतावनी दिइनेछ ।यदी दुई पटक सम्म त्यस्तो लापर्बाहिपुर्वक काम गरेमा, उनको आचारणको बारेमा पुर्वाग्रही राय लेखी कागज गराइने छ" भनि स्थापित गरिएको ।

अधिकार भित्र राष्ट्रको पूर्ण र प्रभावकारी अनुसन्धान र अभियोजनका साथै गम्भीरताका आधारमा सम्बन्धितलाई सजाय निर्धारण गर्ने दायित्व हो । यस मुद्दामा, अपराधीहरुलाई जरिवाना रकम (ने.रु ५,०००/-)तिर्ने गरी मात्र दोषी ठहर गरिएको थियो । लागु हुने कानुन (बालबालिका सम्बन्धी ऐन)अनुसार एक बर्ष कैद सजाय हुने तथ्य हुँदाहुँदै पनि स्थानिय अदालतले कैद सजाय लागु गरेन । त्यसका साथै अपराधीहरुले बुझाएको क्षतिपूर्ती रकम लिंदा समेत उजुरीकर्ताले सो रकम अपराधको गाम्भीर्यताको अनुपातमा नरहेको र भविष्यमा हुन सक्ने अन्य त्यस्ता अपराध रोकथाम गर्नका निम्ती अपर्याप्त भएको जनाएका छन्। मानव अधिकारको घोर उल्लङ्घनको हकमा शारीरिक र मानसिक क्षति, रोजगार, शिक्षा र सामाजिक लाभको अवसर गुमेको,नैतिकताको क्षति र विशेषज्ञ र स्वास्थोपचारको खर्च हुने नै हुन्छ । यस मुद्दामा अन्तिम क्षतिपूर्ती रकम ५०,००० ने. रु. प्रति अपराधीलाई तोकिएको हुँदा माथि उल्लेखित तत्वलाई यसले पुर्ती गरेको छैन ।

५.३ प्रहरीको "विभागीय कारबाही" सम्बन्धमा पक्ष राष्ट्रले कुनै प्रकारको उपायहरू अवलम्बन नगरेको, सो उपायहरूको प्रकृति र गम्भिरता, वा सो उपायहरू लागु गर्न कुनै निकाय तोकिएको भए सो बारे उल्लेख नगरेको जनाउँछन्। कुनै पनि घटनामा, नितान्त अनुशासन र प्रशासनिक उपचार पर्याप्त र प्रभावकारी परिपूरण साबित नहुने अनुबन्धको धारा २(३)को गम्भिर मानव अधिकार उल्लङ्घनको प्रावधान समेतले जनाउने भनि समितिले पहिलेनै जनाएको छ । [12]

५.४ यातना निषेधित प्रावधानले संवैधानिक मान्यता पाएतापनि अपराधिक अभियोजन तथा सजाय निर्धारण गर्ने फौजदारी कानुनको अभावमा त्यस्तो प्रावधान अपर्याप्त भएको उजुरीकर्ता बताउँछन् । यातनालाई अपराधीकरण गर्ने सम्बन्धी विधेयक मस्यौदा २०१४ साल देखी संसदमा विचाराधीन रहेको भएपनि पारित हुने निकै न्यून अवस्था छ। पारित भई कानुन बने पनि, विधेयकको मस्यौदामा अपराधीलाई कम सजायको प्रावधान(अधिक्तम ५ बर्षको कैद सजाय र ने.रु. ५०,००० जरिवाना ) लगायत थुप्रै प्रावधानहरू अन्तर्राष्ट्रिय कानुनसँग बाझिने नै देखिन्छन्।

५.५ उजुरीकर्ताले प्रस्तुत गरेको तथ्यलाई पक्ष राष्ट्रले अर्ध रुपमा मात्र चुनौती दिएबाट १० नोभेम्बर २०१० (२०६७-०७-२४) मा २ प्रहरी जवानले उजुरीकर्तालाई थुनामा यातना दिएको तथ्यमा समर्थन जनएका छन् । उजुरीकर्ताका अनुसार पक्ष राष्ट्रले उजुरीकर्ताको झुम्का चोरीमा संलग्नता भएको कुरा यस उजुरीमा असान्धर्भिक भएको र नसमेट्नु पर्ने बताउँछन् किनकि यो उजुरी उजुरीकर्ताले पाएको यातना र सो को प्रभावकारी उपचारको अभावसंग सम्बन्धित छ । उजुरीकर्ताका अनुसार आफूलाई जबर्जस्ती गम्भीर यातना दिइसकेपछी र ज्यानको धम्की दिएपछी स्विकारोक्ती बयान कागजमा सही गर्न लगाईएको थियो। उजुरीकर्ताले त्यस्तो अवस्थामा गरिएको बयानले प्रमाणका रुपमा उनको दोष साबित गर्न नसक्ने यातना विरुद्धको महासन्धिको धारा १५ लगायतले समेत जनाएको अंकित गरेका छन् । तसर्थ, उनको बाबुले सही गरेको मिलापत्रको कागजलाई बदर गरी उजुरीकर्ताको परिवारलाई छिमेकीलाई ने.रु. १९,०००० तिर्नु पर्ने दायित्वबाट मुक्त गरिनुपर्छ । उजुरीकर्ताले समितिसँग पक्ष राष्ट्रलाई यातना प्रयोग गरी प्राप्त गरिएको प्रमाणलाई पिडितको विरुद्धको कानुनी प्रकृयामा प्रयोग गर्न बन्द गर्न आग्रह गर्न अनुरोध गरेका छन् ।

## समिति समक्ष विचाराधीन प्रश्नहरू र कार्यवाही

*ग्राह्यता माथिको विचार*

६.१ उजुरीको कुनै पनि दावी माथि विचार गर्नु अघि, मानव अधिकार समितिले कार्यविधिको नियमको नियम ९३ बमोजिम उजुरी अनुबन्धको ऐच्छिक आलेख अनुरुप ग्राह्य भए नभएको निर्णय गर्नु पर्ने हुन्छ ।

६.२ समितिले ऐच्छिक आलेखको धारा ५ (२)(क) बमोजिम सो विषय अन्य कुनै अन्तर्राष्ट्रिय अनुसन्धान वा समाधानको प्रकृया अनुरुप जाँच भइ नराखेको निश्चित गरेको छ।

[12] उजुरीकर्ता उल्लेख गर्छन्, उजुरी नं ५६३१९९३ बौटिस्टा विरुद्ध कोलोम्बिआ ( २७ अक्टोबर १९९५मा ग्रहण गरेको अभिमत) ।

६.३ उजुरीकर्ताले क्षतिपूर्ती प्राप्त गर्नका निम्ति अपिल गर्न चुकेको हुँदा स्थानिय उपचार उपभोग नगरिएको पक्ष राष्ट्रको दावीलाई समितिले मनन गरेको छ । अन्तमा उजुरीकर्ताले २६ डिसेम्बर २०१६ मा सो क्षतिपूर्ती दावी गरी प्राप्त गरेको समेत समितिले टिपोट गरेको छ र कुनैपनि अवसरमा यस उजुरीको हकमा यो दावी प्रभावकारी उपचार हुन सक्दैन । यसै सन्दर्भमा, उजुरीकर्ताले उनको दावी राष्ट्रिय अदालत, न्यायिक निकायको उच्च अदालत समक्ष पुर्याएको समितिले टिपोट गरेको छ ।तसर्थ, समितिको विचारमा यो उजुरी ऐच्छिक आलेखको धारा ५(२)(ख)अनुरुप ग्राह्य हुनका लागि कुनै अवरोध छैन ।

६.४ सो अनुसार, समितिले उजुरीको ग्राह्यता अनुबन्धको धारा ७, का साथै २(२)[13] , २(३) र २४(१) अन्तर्गतको विषय उजागर गरे अनुरुप भएको र मुल कानुनी प्रश्न तिर प्रस्थान गरेको घोषणा गरेको छ ।

## मूल कानूनी प्रश्न उपर विचार विमर्श

७.१ मानव अधिकार समितिद्वारा सम्बन्धित उजुरी उपलब्ध गराइएको तथ्यको प्रकाशमा ऐच्छिक आलेखको धारा ५(१)बमोजिम चाहिए अनुसार विचार गरिएको छ ।

७.२ उजुरीकर्ताको १६ नोभेम्बर २०१० मा उनलाई प्रहरी चौकीमा २ प्रहरी अधिकारीद्वारा उनको चोरीमा संलग्नताको स्विकारोक्ती बयान बकाउन कारीब एक घण्टा जस्तो सोधपुछ र यातना दिइएको थियोभन्ने निर्विरोध आरोप, समितिले टिपोट गरेको छ । यसमा अनुहारमा झापड हान्ने,लगातार प्लास्टिकको पाइपले खुट्टा र ढाडमा कुटेको, कानमा विद्युतिय झटका र ज्यान मार्ने धम्की समेत समावेश थियो । सो यातनाको कार्य, प्रहरी अधिकारीहरुद्वारा अपराधको स्विकारोक्ती प्राप्त गर्नका निम्ति ११ बर्षका उजुरीकर्तामा प्रयोग गरिएको, जुन अनुबन्धको धारा ७ का साथै धारा २४(१)बमोजिमको अधिकार उल्लङ्घन भित्र पर्ने, विचार समितिले गर्दछ।

७.३ उजुरीकर्ताले अनुबन्धको धारा २(३) का साथै धारा ७ र २४(१)को उल्लङ्घन आकर्षित गरेका छन् । यसले स्थानिय कानुन अन्तर्गतको अधिकार उल्लङ्घन सम्बोधन गर्न उपयुक्त न्यायिक र प्रशासनिक उपायहरु स्थापना गर्न पक्ष राष्ट्रसँग महत्व जोडेको समितिले दोहोराएको छ[14] । यसका अतिरिक्त, प्रभावकारी अनुसन्धान्, अभियोजन र अभियुक्तलाई उल्लङ्घन बापतको सजाय गर्न पक्ष राष्ट्र चुकेको सम्बन्धमा उजुरीकर्ताको आरोप समितिले टिपोट गरेको छ ।जसको प्रभावका स्वरुप, अपराधीहरुलाई नेपालको बालबालिका सम्बन्धी ऐनको धारा ७ अन्तर्गत अभियोजन चलाई यातनाको दोषी ठहराइएको समितिले टिपोट गरेको छ। परिणाम स्वरुप जनही ने.रु. २,००० जरिवाना, जुन बढाएर पुनरावेदन द्वारा ने.रु. ५,००० र थप ने.रु. ५०,००० उजुरीकर्तालाई क्षतिपूर्ती दिनुपर्ने फैसला गरेको थियो । स्वतन्त्रताबाट वञ्चित गरिए बापत कुनै पनि सजाय गरिएको थिएन । पक्ष राष्ट्र अनुसार अभियुक्तहरूलाई प्रहरीले अनुसन्धान गरेको र परिणाम स्वरुप प्रहरी नियमावलिको नियम ८५ अन्तर्गत "विभागीय कारवाही "को सिफारिस समेत भएको टिपोट गरिएको छ । यधपि, पक्ष राष्ट्रले अभियुक्तका विरुद्ध कुनै पनि प्रशासनिक वा अनुशासनत्मक कारवाही वा तीनको प्रकार वा क्षेत्र प्रभावकारी ढङ्गले लागु गरिएको सुचना प्रदान नगरेको यस समिति टिपोट गर्छ । त्यसका साथै, पूर्ण रुपमा प्रशासनिक र अनुशासनात्मक उपचार मात्र, अनुबन्धको धारा २(३) को परिभाषा अन्तर्गत मानव अधिकारको उल्लङ्घनको अवस्थामा उपयुक्त र पर्याप्त परिपूरण नहुने विचार समितिले जनाएको छ। [15]

७.४ यातना द्वारा गरिएको स्विकारोक्तिको बयान पछी सही गरिएको मिलापत्रको कागज सम्बन्धि उजुरीकर्ताको अखण्डित तर्क समेतलाई समितिको ध्यानाकर्षण गराएको छ । स्थानिय कानुनले अनुबन्धको धारा ७ अनुरुप यातना

---

13 उजुरी नं २०१६/२०१०, सुडालेन्को विरुद्ध बेलारुस (६ नोभेम्बर २०१५ मा ग्रहण गरिएको अभिमत), प्रकरण ७.५, र उजुरी नं २०१९/२०१०, पोप्लभ्नी विरुद्ध बेलारुस (६ नोभेम्बर २०१५ मा ग्रहण गरिएको अभिमत्), प्रकरण ७.४ हेर्नुहोस ।

14 जेनेरल कमेन्ट नं ३१: अनुबन्धको पक्ष राष्ट्रलाई लागु गरिएको सामन्य कानुनी दायित्वको प्रकृति (२००४), प्रकरण १५ ।

15 उजुरी नं ५६३/१९९३, बौटिस्टा डे अरेल्लाना विरुद्ध कोलोम्बिया ( २७ अक्टोबर १९९५मा ग्रहण गरिएको अभिमत), प्रकरण ८.२; र उजुरी नं ६१२१/९९५, चपान्ओ लगायत कोलोम्बिया ( २९ जुलाई १९९७मा ग्रहण गरिएको अभिमत), प्रकरण ८.२।

द्वारा प्राप्त बयान वा स्विकारोक्तिलाई देवानी वा फौजदारी न्यायिक प्रकृयामा[16] प्रयोग गर्न प्रतिबन्ध लगाउनु पर्ने स्मरण समेत समितिले गराएको छ ।

७.५ उजुरीकर्ताले जनाए अनुसार, यातना रोक्न र यसको विरुद्ध लड्न यातनाको परिभाषा र अपराधको गम्भिरता अनुरुपको उपचार र सजाय सहितको अपराधिकरणमा राष्ट्रिय कानुनको अभावबारे पनि समितिले टिपोट गरेको छ । विशेषत बालबालिका सम्बन्धी ऐनले यातनाको विशिष्ट परिभाषा नदिएको र जरिवाना स्वरुप ने.रु. ५,००० सम्म वा र एक बर्ष सम्म कैद मात्र तोकेको, बालबालिकामा हुने यातनाको उजुरी एक्दमै कम हुने गरेको र भएपछी कैद सजाए कहिल्यै अवलम्बन नगरिने उजुरीकर्ताको आरोप रहेकोछ । राष्ट्रिय कानुनको पृष्ठभूमी विरुद्ध र तत्कालिन मुद्दाको अवस्थालाई प्रकाश पार्दै, उजुरीकर्ताको घटना घट्दाको समयको उमेर ध्यानमा राखी समितिले अभियुक्त उपर भएको सजाय, ५,०० जरिवाना र थप ५,००० क्षतिपुर्ती रकम उजुरीकर्ताका निम्ती उनको अधिकारको उल्लङ्घनको गम्भिरताको अनुपातमा अपर्याप्त रहेको विचार गर्छ। त्यसका साथै यी तथ्यहरुले अनुबन्धको धारा ७ का साथै धारा २(३) र २४(१) सम्तको उल्लङ्घन गरेको उजागर गर्छ भनि समितिले निष्कर्ष निकालेको छ ।

७.६ अनुबन्धको धारा ७ का साथै धारा २(३ र २४(१) को उल्लङ्घन भएको पत्ता लागेपछि, समितिले उजुरीकर्ताको अनुबन्धको धारा ७ र साथै धारा २(२)को उल्लङ्घनको दावी छुट्ट्याएर जाँच नगर्ने निर्णय गरेको छ ।

८. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक आलेखको धारा ५(४) अन्तर्गतको मानव अधिकार समितिले , आफू समक्ष रहेको तथ्यले अनुबन्धको धारा ७ का साथै धारा २(३) र २४(१) को उल्लङ्घन भएको प्रस्तुत गरेको छ भन्ने निर्णय गर्दछ ।

९. अनुबन्धको धारा २(३)(क) अनुसार, पक्ष उजुरीकर्तालाई प्रभावकारी उपचार प्रदान गर्नु राष्ट्रको दायित्व हो। यसका लागि पक्ष राष्ट्रले अनुबन्धको अधिकार उल्लङ्घन भएको व्यक्तिलाई पूर्ण रुपमा परिपूरण दिनु आवश्यक हुन्छ । त्यसका साथै, पक्ष राष्ट्रका निम्न बमोजिम दायित्व रहेका छन् : क) उजुरीकर्तालाई भोग्नु परेको उल्लङ्घनको गम्भिरताको अनुपातमा उपयुक्त क्षतिपुर्ती प्रदान गर्ने, आवश्यक स्वास्थोपचार र मनोवैज्ञानिक उत्थानमा पहुँच र उल्लङ्घनको सन्तुष्टीको उपयुक्त उपाय अवलम्बन गर्ने; ख) अनुसन्धानको पुनरावलोकन गर्न र जिम्मेवारलाई अपराधको गम्भिरताको अनुकुल र अनुबन्धसँग मिल्दो रुपमा दण्डित गर्न र ग) मिलापत्रको कागजको कानुनी कारबाहीमा कुनै प्रमाणिक मुल्य नरहेको सुनिश्चित गर्ने; उचित कदम चाली भविष्यमा त्यस्ता किसिमका उल्लङ्घनहरु नहुन भनी सुनिश्चित गराउनु पनि पक्ष राष्ट्रको दायित्व रहेको छ । यसै सम्बन्धमा समितिले पक्ष राष्ट्रले उचित उपाय अवलम्बन गरी कानुनको धारा २(२) बमोजिमको दायित्व अनुसार यातना र अमानविय व्यवहार हटाउनु पर्ने र यातनाको परिभाषा गरेर र दण्ड सहितको अपराधिकरण र अपराधको गम्भिरता अनुरुपको बालबालिकको हकको अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप उपचार दिलाई पुनरावलोकन गर्नुपर्ने दोहोराएकोछ । पक्ष राष्ट्रले कानुनमा यातना दिएर प्राप्त गरिएको प्रमाण कुनै पनि देवानी वा फौजदारी मुद्दाको प्रकृयामा कानुनी जिम्मेवारी सृजना गर्नका निम्ती प्रयोग नगरिने सुनिश्चित गर्नुपर्ने र कानुन प्रयोग गर्ने अधिकारीहरूलाई यातना र दुर्व्यवहारको रोकथाम र अनुसन्धानका लागि प्रशिक्षण दिनु पर्ने हुन्छ ।(सिसिपिआर/सि/एनपिएल/सिओ /२ ,प्रकरण १०)

१० नेपालले ऐच्छिक आलेखको पक्ष राष्ट्र भएर अनुबन्धको उल्लङ्घन भएको वा नभएको भन्ने निर्णय गर्ने समितिको सक्षमता स्वीकार गरेको मनन गर्दै र अनुबन्धको धारा २ बमोजिम पक्ष राष्ट्रले आफ्नो इलाकाभित्र वा आफ्नो क्षेत्राधिकार अन्तर्गत रहेका सबै व्यक्तिहरुलाई अनुबन्धमा उल्लिखित अधिकार सुनिश्चित गर्ने र उक्त अधिकार हनन भएको स्थापित भएमा प्रभावकारी र कार्यान्वियनयोग्य उपचार उपलब्ध गराउने दायित्व स्वीकार गरेको छ। समितिले दिएको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा पक्ष राष्ट्रले अपनाएका उपायहरूको बारेमा १८० दिन भित्र जानकारी प्राप्त गर्ने अपेक्षा समितिले गरेको छ । साथै, यी निर्णयलाई प्रकाशन गर्न र पक्ष राष्ट्रको सरकारी कामकाजका भाषाहरूमा व्यापक रूपमा प्रचारप्रसार गर्न/गराउन पनि पक्ष राष्ट्रलाई समितिले अनुरोध गरेको छ ।

[16] जेनेरल कमेन्ट नं २०: धारा ७ (यतना तथा क्रुर अमानविय उपचार वा सजायको प्रतिबन्ध) प्रकरण १२; साथै धारा १४(३)(छ)पनी हेर्नुस ।